कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

फोन नं. ०१०-५४२०९८

प.सं. : २०७८।७९

च नः

## मेलमिलापकर्ताहरुले सूचीकृत हुने सम्बन्धी सूचना ।

*(प्रकाशित मितिः २०७८।०४।०३)*

कालिका गाउँपालिका द्वारा जारी "कालिका गाउँपालिका न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ अनुसार प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने उजुरीका सम्बन्धमा मिलापत्र गराउन ऐनको दफा ५९बमोजिम मेलमिलापकर्ताको सूची तयार गर्नुपर्ने भएको हुँदा तपशिल बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक कागजात सहित सूची दर्ताको लागि आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

***आवश्यक न्यूनतम योग्यताः***

१. कम्तिमा स्नातक उतिर्ण गरेको,
२. कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,
३. स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
४. मेलमिलापको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको,
५. २५ वर्ष उमेर पुरा भएको,
६. माथि योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिइ हाल काम गरिरहेकाको हकमा निजलाइ निरन्तरता दिन सकिने ।

***संलग्न गर्नुपर्ने कागजातहरुः***

१. नागरिकताको प्रमाणपत्रको छाँयाकपी,
२. शैक्षिक प्रमाणपत्रको छाँयाकपी,
३. मेलमिलापकर्ताको तालिम प्रास गरेको प्रमाणपत्रको छाँयाकपी,
४. मेलमिलाप सम्बन्धी अनुभव र
५. व्यक्तिगत विवरण
६. पासपोट साइजको २ वटा फोटो

**नोटः गत आ.ब. मा सूचीकृत भएका मेलमिलापकर्ताहरुले समेत पूनः सूची दर्ता गर्नुपर्ने व्यहोरा अनुरोध छ ।**

वाचस्पती सुनुवार
नि. प्रमुख प्रशासकीय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृ**